
# परियोजना परिचय



नेपाल सरकार

कृषि विकास मन्त्रालय

## प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना

### परियोजना कार्यान्यन इकाई (जोन-धान) सिरहा

**फोन नं. ०३३-५४५१६६**

Email:pmamp.piu.zonericesirha@gmail.com

Scanned with CamScanner

## परिचय :

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्राविधिक तथा उत्पादन सामाग्रीको व्यवस्था, उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारिकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना परियोजनाले गरेको । यो जनशक्तिबाट स्वदेशीसोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार गरिएको कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजना हो ।

परियोजनाको सोच, लक्ष्य एवं उद्देश्य

## सोच :

कृषि आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आन्तनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

## लक्ष्य :

समग्र कृषि मूल्य श्रृंखलाका अवयवहूको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मूख दिगो आर्थिक अवसरहरू श्रृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने ।

## उद्देश्यहरू :

१. प्रमुख कृषि उपजहरूको विशिष्टकृत क्षेत्रहरू निर्माण गर्ने ।
२. निर्यात योग्य कृषिवस्तुहरूको मूल्यअभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।
३. कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू गर्ने ।
४. बहुसरोकारवाला निकायहरू बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

## रणनीतिहरू :

१. भूमिको वैज्ञानिक उपयोग ।
२. आधुनिक कृषि प्राविधिकहरूको अवलम्बन ।
३. कृषिमा यान्त्रिकिकरण ।
४. कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास ।
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकिकरण ।
६. प्रतिफल आधारित प्रोत्साहन प्रणालीको अवलम्बन ।

Scanned with CamScanner

७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि ।
८. वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन ।




## कृषि विकास रणनीति र परियोजनाको सम्बन्ध :

## परियोजना सम्भागकाहरू :

१. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम ।
२. व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम ।
३. व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम ।
४. बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र विकास कार्यक्रम ।

## परियोजना संचालको अवधारणा :

- भूमिको वैज्ञानिक उपयोग/कृषि योग्य जमिनको स्वेच्छिक चक्लाबन्दी ।
- आधुनिक कृषि प्रविधिहरूको अवलम्बन ।
- कृषिमा यान्त्रिकिकरण ।
- कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास ।
- कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकिकरण ।
- प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन ।
- गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन ।

Scanned with CamScanner

## परियोजना निर्देशक समिति गठन :

कृषि विकास रणनीति कार्यान्वयन समितिले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको हकमा परियोजना निर्देशक समितिको रुपमा कार्य गर्नेछ । यसको अध्यक्षता माननीय कृषि विकास मन्त्रीज्यूले गर्ने व्यवस्था छ ।

## परियोजना कार्यान्वयन समिति :

कृषि विकास रणनीतिमा कृषि सचिवको अध्यक्षतामा रहेको केन्द्रिय कृषि विकास कार्यान्वयन समिति (CADIC) समिति नै यस परियोजनाको कार्यान्वयन समिति हुनेछ ।

## व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम :

परियोजनाका सम्भागहरूमध्ये व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम तेश्रो सम्भाग हो । राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम ५०० हेक्टरमा संचालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु रहनेछन् । कृषि क्षेत्रको आधुनिकिकरण योगदान पुर्‍याउने गरी जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, जोन क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायिकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकिकरणको आधारशिला तयार गर्ने जस्ता व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालनका उद्देश्यहरु रहने छन् ।

## उद्देश्य :

व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालनका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

(क) जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

(ख) जोन क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायिकिकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकिकरणको आधारशिला तयार गर्ने ।

(ग) जोन तथा आसपासका क्षेत्रहरूमा रोजगारी सृजना गर्ने ।

Scanned with CamScanner

## धान-जोन विकासको कार्य क्षेत्रहरु :

| न.पा./गा.पा. | वडा नं. |
| --- | --- |
| धनगढीमाई न.पा. | १,२,३ |
| सखीपुर न.पा. | १,२,३,९ |
| बरियारपट्टी गा.पा. | ४ |
| लक्ष्मीपुर पतारी गा.पा. | १ |

## जोन निर्माण प्रक्रिया :

जोन क्षेत्र निर्माणका लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ ।

(क) सडकको पहुँच भएको वा हुनसक्ने ।
(ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने ।
(ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने ।
(घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको ।
(ङ) वित्तीय संस्थाहरुको पहुँच भएको ।
(च) बजारको उपलब्धता भएको वा हुनसक्ने ।

## जोन संचालन प्रक्रिया :

जोन संचालन सम्बन्धमा जोन कार्यालयमा सूचिकृत भएका कृषक समूह/सहकारी/जल उपभोक्ता/कृषि उद्यमीहरुमध्येबाटै संयोजक, उप-संयोजक र सचिव सहित ९ सदस्यीय जोन संचालन समिति जसमा ३३ प्रतिशत महिला अनिवार्य रहनु पर्ने व्यवस्था गरिएको छ । सोही समिति मार्फत जोन संचालन र सहजिकरण गरिनेछ ।

## जोन संचालन समितिको काम, कर्तव्य र अधिकार :

(क) तोकिएका मापदण्डहरुका आधारमा जोन व्यवस्थापक नियुक्त गर्ने।
(ख) जोन व्यवस्थापक काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ।
(ग) जोन कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सो को परिमाण आंकलन गर्ने, उत्पादन योजना तयार गर्ने, आवश्यक उत्पादन सामाग्री र अन्य सामाग्रीको श्रोत संचालन गर्ने । सम्बन्धित बालीको बालीचक्र निर्धारण गर्ने ।
(घ) जोनमा निर्माण हुने पूर्वाधार विकास सम्बन्धी कार्यका लागि परियोजना कार्यान्वयन इकाईसँग आवश्यक समन्वय गर्ने ।
(ङ) जोन संचालनका लागि परियोजना कार्यान्वयन इकाई, जिल्ला कृषि विकास कार्यालय र अन्य सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

Scanned with CamScanner

(च) जोनलाई व्यवस्थित रूपमा संचालनका लागि आधार तयार गर्ने, संलग्न कृषक समूह, कानून बमोजिम दर्ता भएका कृषि कार्यमा संलग्न सहकारी, कृषि उद्यमी तथा व्यवसायीहरू लगायतसँग निरन्तर सम्वाद र सहकार्य गर्ने ।

(छ) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रूपमा र आवश्यकतानुसार अन्य सयममा बस्नेछ । बैठकमा समिति बाहिर प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

(ज) जोन संचालन सम्बन्धी आन्तरिक आचारसहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

(झ) कार्यक्रम संचालनको लागि समितिले विनिमयमा उल्लेख गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(ञ) समिति मार्फत संचालन गरिने आर्थिक कारोबारहरूको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रतिवेदन तयार गर्ने ।

(ट) जोन निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने ।

(ठ) कार्यक्रमको दिगोपनाको लागि समितिको अवधि र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

(ड) समिति गठन भएको ६ महिनाभित्र जिल्ला कृषि विकास कार्यालयमा दर्ता हुनुपर्नेछ । उक्त समितिको नियमित नवीकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

## परियोजनाबाट अपेक्षित प्रतिफल :

(१) जिल्लाको भौगोलिक सम्भाव्यता तथा स्थानीय आवश्यकताका आधारमा छानिएका कस्तिमा १० हेक्टर क्षेत्रफल तोकिएका साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट)हरु, १०० हेक्टर क्षेत्रफल तोकिएको व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक)हरु, ५०० हेक्टर क्षेत्रफल तोकिएको कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन)हरु र १००० हेक्टर क्षेत्रफल तोकिएको बृहत् कृषि उत्पादन तथा प्रशोधन केन्द्र (सुपर जोन)हरु स्थापना हुनेछ । परियोजना अवधिभरमा यस्ता पकेट, ब्लक, जोन र सुपर जोनको संख्या सम्भाव्यता र औचित्यका आधारमा क्रमशः बृद्धि गर्दै अधिराज्य भरमा कम्तीमा १० हजार पकेट, १५०० ब्लक, ३०० जोन र २१ वटा सुपर जोनहरु स्थापना हुनेछ । प्रथम वर्षमा छानिएका १८ वटा बाली/वस्तुहरू ४२ हजार ३०० हे. मा खेती भई करिब ४ लाख ७७ हजार मे. टन उत्पादन हुने अनुमान गरिएको छ ।

(२) आगामी ३ वर्षभित्र प्रमुख खाद्यान्न बालीहरु (धान, गहुँ, मकै) मा, आगामी २ वर्ष तरकारी बाली र माछामा र ७ वर्षभित्र

प्रमुख फलफूल बालीमा आत्मनिर्भर भएको हुनेछ ।

(३) परियोजनाको प्रथम वर्षमा करिब ४ लाख ७० हजार आंशिक र ४३ हजार ५०० स्थाई रोजगारी सृजना भएको हुनेछ । परियोजनाको अन्तिम वर्षमा करिब ५ लाख १० हजार आंशिक र २५ हजार ५०० स्थाई रोजगारीको संख्या कायम रहनेछ ।

(४) हालको मूल्यमा परियोजना संचालनको प्रथम वर्षमा कुल लगानी करिब रु. ५ अर्ब ७८ करोडबाट मूल्य अभिवृद्धि सहित करिब रु. २६ अर्ब ८ करोड मूल्य बराबरको र परियोजना अवधिभरमा कूल लगानी करिब रु. १ खर्ब ३० अर्बबाट मूल्य अभिबृद्धि सहित करिब रु. २० खर्ब ९५ अर्ब ७५ करोड मूल्य बराबरको रकम कूल गार्हस्थ उत्पादनमा योगदान पुगेको हुनेछ जसबाट कृषि विकास रणनीतिको पहिलो १० वर्षको लक्ष्य हासिल गर्न महत्वपूर्ण सहयोग पुग्नेछ ।

## संचालन गरिने कार्यक्रम र क्रियाकलाप :

- जोनस्तरमा परियोजना अभिमुखीकरण ।
- प्रविधि तथा प्राविधिक सहयोग संस्थागत सहयोग कार्यक्रम कृषि अध्ययन संस्थान स्थापना एकिकृत कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना ।
- अनुसन्धान शिक्षा प्रसार सुदृढिकरण सहयोग ।
- कृषि यान्त्रिकिरणका लागि Custom Hiring Center स्थापना सहयोग ।
- पोष्ट हार्भेष्ट सेन्टर स्थापना ।
- सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार सहयोग ।
- कृषि प्रविधि केन्द्र स्थापना तथा संचालन ।
- प्रांगरिक मल कारखाना स्थापना सहयोग ।
- जैविक विषादी उत्पादन केन्द्र स्थापना सहयोग ।
- कृषि आधुनिकिकरणका लागि विज्ञहरु सेवा ।
- बीउविजन आन्तरिक गुणस्तर नियन्त्रण ।
- मिनिल्याव स्थापना सहयोग (माटो, बीउ, बाली संरक्षण र खाद्य प्रविधि तथा गुण नियन्त्रण) ।
- कृषिजन्य उद्योग स्थापना सहयोग ।
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान ।

## उपलब्ध हुने सहजीकरण सेवा सुविधाहरू :

तोकिएको जोनमा संचालन हुने माथि उल्लेखित क्रियाकलापहरूका लागि नेपाल सरकारले प्रस्तुत तालिका अनुसार उपलब्धीमा आधारित सहजीकरण (Smart Output Based Facilitation) सेवा उपलब्ध गराउनेछ ।

Scanned with CamScanner

## सहजीकरण सेवा सुविधाको विवरण, २०७३

| सि.नं. | विवरण | सहजीकरण |
|---|---|---|
| १. | कृषि उत्पादन सामग्रीहरू (बीउ, बेर्ना, बिरूवा माछा भुरा लगायत | ५० प्रतिशत |
| २. | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३. | प्रयोगशाला सेवाहरू | ८५ प्रतिशत |
| ४. | कृषि औजार तथा उपकरणहरू | ५० प्रतिशत |
| ५. | साना सिंचाइ पूवाधारहरू | ८५ प्रतिशत |
| ६. | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूवाधारहरू | ८५ प्रतिशत |

## परियोजना कार्यान्वयन संचालक समितिको भूमिका र जिम्मेबारी

**जोन संचालक समिति**

- जोन स्थापना गर्न चाहने कृषक समूह, कृषि उद्यमी(कानून बमोजिम दर्ता भएका कृषि उद्यम) वा कृषि सहकारीहरुको साझेदारीमा एक ९ सदस्यीय जोन संचालक समिति गठन हुनेछ ।
- नजिकको सरोकारवाला निकायहरूको प्रतिनिधि समितिका सल्लाहकारका रूपमा रहनेछन् ।
- जोन कार्यान्वयनमा खटिने तोकिएको वरिष्ठ कृषि अधिकृत, नजिकको कृषि सेवा केन्द्र, फार्म केन्द्र, कृषि तालिम केन्द्र र कृषि अनुसन्धान केन्द्रका प्रतिनिधिहरू, सरोकारवाला निकायका जिल्ला स्थित कार्यालयका प्रमुख प्रतिनिधिहरू समितिको सल्लाह- कारका रूपमा रहनेछन् ।
- नेपाल सरकारको तर्फबाट जाने सम्पूर्ण सहयोग रकमको उपयोग गर्न जोन कार्यान्वयनमा खटिने तोकिएको वरिष्ठ कृषि अधिकृतको सहमति अनिवार्य रहनेछ ।
- समितिमा संयोजक, उपसंयोजक, सचिव, सहसचिव एक-एक जना र बाँकी पाँच जना सदस्य रहनेछन् ।
- समितिमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्नेछ ।
- जोन संचालन सम्बन्धी आन्तरिक आचारसंहिता (code of conduct) तयार गरी पालना गर्ने गराउने काम समितिको हुनेछ ।
- जोन संचालन संम्बन्धी आन्तरिक आचारसंहिता (code of conduct) तयार गरी पालना जोनमा भएको विद्यमान प्रविधि र पूर्वाधारहरूको अभिलेख तयार गर्ने ।
- सम्वन्धित परियोजना कार्यान्वयन इकाई-सँगको सहकार्यमा नविनतम प्रविधिहरूको प्रसार र प्रयोगको कार्य गर्ने ।
- सम्वन्धित परियोजना कार्यान्वयन इकाई सँगको सहकार्यमा स्थापना गरिने पूर्वाधार-हरूको विकास, प्रयोग र सम्बर्द्धन गर्ने।
- जोन विकाससँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने।
- मासिक रूपमा जोनको प्रगति प्रतिवेदन सम्बन्धित परियोजना कार्यान्वयन इकाईमा पेश गर्ने ।

Scanned with CamScanner